# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**
**२०७८/०३/१३**
**आठौं अधिवेशन**
**(अठाह्रौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको १८औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सभामुख महोदय मेरो यो बार्षिक कार्यक्रमा के भन्न चाहान्छु भने यो मेरो बुझाईमा मैले बुझे अनुसार मैले यो सु.प प्रदेशको कुनै एउटा जमिन्दार को सात भाईको नीजि सम्पती पुख्यौंलि सम्पती या दाईजो पायको सम्पती भयको एउटा पुर्खा हो यो प्रदेशको जनताको हितमा यो यसमा कुनै पनि कार्यक्रम नभएको कारणले र मेरो पनि यसमा नभएको कारणले म यो नीजि सम्पतिलाई मेरो कुनै पनि नीजिको सम्पतीको अधिकारमा हुन्छ उले चाहेको ब्यक्ति उद्योग व्यापारीलाई गर्न सक्छ यसमा मेरो पनि भएको कारणले म यो जनिन्दारको भाईको कारणले मेरो रहेको छ ७ भाईको सम्मानीय सदनलाई यो सम्पति बुझाउन चाहान्छु धन्यबाद ।

**माननीय सदस्यहरु,**

अब, "सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश" माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहले आठौं अधिवेशनको मिति गतेको 11/03/2078 सत्र्रौं बैठकमा पेश गरेको 2074 ,म प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनसुदूरपश्चि" लाई संशोधन गर्न बनेको अध्यादेश 2074 ,सभा नियमावली म प्रदेशको प्रदेशउपर सुदूरपश्चि "को नियम बमोजिम कुनै पनि माननीय सदस्यहरुको अध्यादेश अस्वीकार ग (१) को उपनियम 95र्ने प्रस्तावको सूचना दर्ता हुन नआएको जानकारी गराउछु ।

**माननीय सदस्यहरु,**

अब मसभा म प्रदेशको प्रदेशआर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहलाई सुदूरपश्चि , 2074 ,नियमावलीको नियम **म प्रदेश आर्थिक कार्यविधि तथासुदूरपश्चि"** बमोजिम (४) को उपनियम 95 **वित्तीय उत्तरदायित्व ऐन 2074 ,लाई संशोधन गर्न बनेको अध्यादेश"** लाई स्वीकृत गरियोस् भनी सभामा प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **2074 ,प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन मसुदूरपश्चि" लाई संशोधन गर्न बनेको अध्यादेश** "लाई स्विकृत गरियोस भनि सुदूरपश्चम प्रदेशको प्रदेश सभा नियमावली को उपनियम 95 को नियम 2074(४) बमोजिम सभामा प्रस्ताव पेश गर्दछु धन्यबाद ।

**माननीय सदस्यहरु,**

अब म **2074 ,म प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनसुदूरपश्चि"लाई संशोधन गर्न बनेको अध्यादेश"** लाई स्वीकृत गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **,उत्तरदायित्व ऐन म प्रदेश आर्थिक कार्यविधि तथा वित्तीयसुदूरपश्चि" 2074लाई संशोधन गर्न बनेको अध्यादेश"** लाई स्वीकृत गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**2074 ,म प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनसुदूरपश्चि"लाई संशोधन गर्न बनेको अध्यादेश"** माथिको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक"** र **"आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म, आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहलाई आर्थिक वर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) सँग सम्बन्धित "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" र "आर्थिक वर्ष २०७८÷०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" माथि सभामा छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" र "आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" माथि सभामा छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्छु धन्यबाद ।

**माननीय सदस्यहरू,**

अब म, आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

("हुन्न" भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ आर्थिक वर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) सँग सम्बन्धित "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" र "आर्थिक वर्ष २०७८÷०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

**माननीय सदस्यहरू,**

अब सँग सम्बन्धित (बजेट) र व्ययको वार्षिक अनुमानको राजश्व 079/2078 आर्थिक वर्ष , "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" र "आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक माथि छलफलको कार्य प्रारम्भ हुन्छ । "

**सर्वप्रथम माननीय कृष्ण राज सुवेदी लाई समय दिन्छु ।**

माननिय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारको आ को 079/2078 ब.सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक को र अर्थ सम्बन्धी बनेको बिधेएकको हामी छलफल को क्रममा छौ र सु अरब ३० प प्रदेश ले ल्याको. हजार जुन बजेट आको थियो त्योलाई खर्च गर्न को लागि यो बिनियोजन ९९ लाख ३२ करोड ३३ बिधेएक प्रस्तुत गरेको छ यो यस्ता धेरै राम्रा पक्षहरु छन अहिले एउटा निश्चित समय तोकेर यसमा यसरि जाने भनेर पनि यहा प्रष्ट आको हुनाले मलाइ बिश्वास कि यो सरकारले ल्याको बजेट समयमा नै जनताको बिचमा पुग्ने छ र काम गर्ने जनतालाई पनि सजिलो पर्ने भोलिको दिनमा अब यो सच्याउन सकिन्न भनेर लामो तयारी गर्ने परम्परा रहेको छ त्यो लाई पनि यले रोकेको छ र यसलाइ हामीले हेर्दा

राम्रो रहेको छ यसको उपदफा तिनको उपदफा ३ को २ मा रकम कमको १० मा नबन्ने गरि कुनै % एक वा त्यो भन्दा बढि अनुदान संख्याबाट अर्को अनुदान संख्यमा रकम सार्न निकास र खर्च चालु तथा पुजिगत खर्च र बित्तिय व्यस्थाको खर्च व्यहोर्न एक स्रोत बाट अर्को स्रोतमा रकम सार्न सकिने छ भनेको छ यसमा मैले के भन्न चाहे माननीय सभामुख महोदय मार्फत यो हाम्रो नया किताबमा छपाईमा हुन गयका त्रुटिमा उहाहरुको ठेगाना लगायत अस्वस्थ योजनाहरु प्रदेस सभाका माननीयहरुको सिफारिस मा सुधार गरिने छ भन्ने एउटा शब्द थप्दा सबै राम्रो हुन्छ योजना कार्यान्वयन नहुने जुन परम्परा रहेको छ र सुधार्न पर्ने सधै त्यो सचिवलाई यहाबाट आयन त्यो अर्थमा जान पर्ने यले त्योलाई रोक्न सक्च र अर्को हाम्रो यो लेखाकोकुरा रहेको छ र अर्को २०७८ शालको कात्तिक मसान्त तिर बार्ताको लागि अनुरोध गरेमा आर्थिक मन्त्रालयले २०७८ पुस मसान्त सम्म बार्ता ग्रन सक्ने यो कात्तिकमा माग्ने र पुसमा गर्दा भन्दा अलि अगाडि ल्याउदा राम्रो हुन्च कि भन्ने त्यहाको पछि आउदा फेरि नेपालमा कोरोना २ बर्ष आयो फेरि सम्पन्न भएको कारणले यलाई पुश भन्दा राम्रो हुन्छ भन्ने कुरा राख्दै यो असाध्यै महत्वपुर्ण बिधैएक छ यसले बनायको जुन मार्ग निर्देशन रहेको छ त्यो अनुसार सुप प्रदेश सरकारले . गते बाटै १ गते बाट लागु हुने गरि यसमटा लेखेको छ साउन १ समयमा नै शाउन सबै योजना कार्यान्वयनको लागि सम्बन्धीत बिभाग मा सम्बन्धित कार्यालयमा पठाउने हो भने पक्कै पनि यो बजेटले सुहुने छ भन्ने कुरा राख्दै यो प का जनताले लियको आशा हो त्यसमा पुर्ण रुपमा सफलता पाश. बिनियोजन विधेएकमा यो २वटा कुराहरुलाई सुधार्न माननीय सभामुख महोदय ३- मार्फत अनुरोध गर्दै यो बिनियोजित बिधेयको समर्थन गर्दै बिदा हुन्छु धन्यबाद ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, यो बिनियोजन बिधेएक धेरै बर्षमा यसले निरन्तरता पायको छ यसले र पनि मेले केहि कुराउहरु ल्याउने प्रयास गरे र मलाई लाग्छ यो सार रुपबाट भयको कुरा जस्तै आर्थिक बिधेएक भएको कारणले यलाई धेरै तलमाथि नगेरर र जहासम्म असर पर्ने पनि हुन्छ होला र यो बिनियोजन बिधेएक माथि देखेको कुरामा सभामुख मार्फत सुझाब दिने अनुमति चाहान्छु । एउटा कुरा के छ भने हाम्रो यो बिधेएकमा जो कुराहरु लेखेका छन त्यसमा केहि कुराहरु छुट्न गको जस्तो मैले देखेको छु र त्यसमा कहिलेकाहि योजनाहरु कतिपय योजनाहरु छुटेका छन कतिपय योजनाहरु होला जस्तो लाग्छ मलाई त्यो भएको कारणले सच्याउन पर्ने अधिकार पनि भयो भने किनभने मेरो निर्वाचन क्षेत्रमा यस पाली धैरै खर्च हुन सकेन कहिले के लेख्या छ केहिले के लेख्या छ त्यले गर्दा खेरि एउटा हाउसले एउटा दियो भने सबैको लागि फाईदा हुन्छ भनेर मैले त्यो कुरा व्यक्त गर्छु किनकि सबैको हकमा त्यो भैराखेको होला सबै योजना कार्यान्वयनमा अप्ठ्यारा भैराखेको छ यस अर्थमा के रे कुराहरु स्पष्ट गर्नमा आफ्नो सदस्यमा के हि गर्दा राम्रो हुन्छ र त्यो पछि मन्त्रालयले आफ्नो कर्मचारीलाई केहि गर्न सक्ने भन्ने कुराहरु रहेको छ गर्न त गरेको छ तर अलिअलि समात्न त खोजेको देखेको छु मैले तर त्यो कार्यबिधि मापदण्ड र मारगनिर्देशन बनाउने भन्ने कुरा रहेको र त्यसैले यसैको आवश्यकताका आधारमा प्रदेश सरकारले कारयबिधि र मापदण्ड बनाउने छ भनन् रहेको छ कि त त्यसैमा सरकारले

हाम्रो २ वटा कुरा गर्न पर्ने होला कतिपय ठाउमा कस्तो छ भन्दा खेरि त्यो भन्दा अगाडि हामीले बजेटको सैद्धान्ति छलफल पनि गर्यौं बिभिन्न बिधेएकमा पनि छलफल गर्यौं र त्यसमा कुनै हाउसमा पनि कतिपय कुराहरु जस्तो अब ठुलो ठुलो आयोजनाहरु बिनियोजनभयो र अब सरकारले कसरि सम्हाल्छ के आवश्यकता रहेकोछ र त्योलाई समाल्न पर्ने त्यो कुनै न कुनै ठाउमा बस्छ त्यो गरेन भने हाम्रो अहिलेको ठुला योजनाहरुलाई अहिले हामीले गरिरहेका छौ त्यो नसुन्ने ढंगले गर्नु पर्छ र त्यो हामीले बिधेएकमा ल्याउन पर्ने छ किनकि महत्पुर्ण ठुलो योजना नगरि नहुने त्यो खालका रहेका छन भने त्योलाई यो भित्र राख्दा राम्रो हुने छ र त्यो गर्दा केरि म राम्रो दैख्छु र आयोजना कार्यान्वयन गर्दा खेरि अब हुन त यसमा लेखेको छ यसमा कुनै ठाउमा थप्न मिल्ने भन्ने दफा २,३ र ५ मा पनि लेखेको छ र त्यो मा अब थप्ने यसमा बजेटको जस्तो मानौ यो बर्षमा कुनै प्रोजेक्टमा १ अरब छुट्याको छ भने त्यले १० सम्म मात्र हुने त्योलाई अब कसरि अगाडि बढाउने भन्ने कानुने ले ठेकेदारले कसरि बनाउने त्यो अनुसारको हुन त योले अनुदानको हकमा बोलेको छ सभामुख महोदय र यसको सँगै बिकासको हकमा पनि धेरै लामो हुदैन सम्बन्धित मन्त्रालय कार्यालय सबैले सिफारिस गरेमा अर्थ मन्त्रालयले स्विकृति दिने र त्यो पछि गयर महालेखामा गर्ने र त्यो पछि आयर फेरि कार्यान्वय गर्दा खेरि हाम्रो योजना कार्यान्यवन हुदैन यो धेरै लामो प्रोसेस हो हामीले प्रदेश सरकारलाइ सभामुख महोदय मार्फत म यो सुझाव दिन चाहन्छु छोटो प्रोसेस र छरितो हामीले कसरि गर्ने भन्नेकुरामा त्यो हामीलाई नै भैराखेको छ जस्तो लागेको छ त्योले गर्दा खेरि हाम्रो खर्च हुन पर्ने बजेट २ हिस्सालाग्छ र यो अलिकति गर्दा खेरि कसरि सच्याउन सकिन्छ भन्ने सभामुख महोदय मार्फत सरकारलाई यो बिधेएक माथि सुझाव रहेको छ र यसमा अब हुन त अगि व्यापक शुसानको बारेमा पनि कुरा उठेको छ नपाउने अरु गर्न नपाउने भन्ने जो आको छ त्यो कुरा अलिकति चर्चामा पनि आयो तर यो कुरा गर्दा खेरि यो भन्दा अगाडि २ वटा योजनामा कुनै ठाउमा थिय स्थानीय तहको सिफारिस ल्यका र सिफारिस मागेन र त्यो भएको कारणले २ वटा तहमा पर्दाखेरि उ मेरो हो बन्ने भयो र उ मेरो हो भन्ने तर कार्यान्वयनमा नजाने त्यले गर्दा खैरि यसको डिफाईन गर्ने कुरा हो फेरि अहिले स्पष्ट यो बिधेएकले गर्दा खेरि त्यो पछि हाम्रो निर्देशिका हरु कार्यबिधीहरु मापदण्डहरु बनाउदा खेरि कार्यान्वय गर्ने यकाईमा अलि सजिलो हुन्छ किनकि कार्यान्वयन कानुन नै हामीले जटिल बनायो भने प्रोसेस मै असार मसान्त लाग्ने अनि तपाई हामी त्यो असार मसान्तमा आयर सरकारले यो ग्रन खोज्येप भनेर जुन सुकै गर्ने त्यो भयर सभामुख महोदय यो कुरालाइ पनि छिटो छरितो गरियोस भनेर मैले यो बिधेएक सम्बन्धिको धेरै लामो राखेन र यति भनिराख्दा अब खर्च प्रणालीको सिस्टममा जो हाम्रो यहाको यसो भयो उसो भयो भनेर आर्थिक बिनियोजन उसमा म बोलेन र म त्यसमा धेरै बोल्न पनि चाहन्न अब हामीले प्रदेशको थुप्रै समितिहरु रहेको छ हामी थुप्रै समितिहरु रहेका छौ र अरु निकाय हरु पनि रहेका छन तर त्योलाइ कन्ट्रोल गर्ने मेकानिज्म प्रभावकारी भयो कि भन कुरा हामी आफै प्रति हेर्न पनि जरुरि मैले आफ्नो ठाउवाट मैले महशुस गरेको अरुले माननीय ज्युले के गर्नु हुन्छ मलाई थाहा छैन तर मैले देखेको यलाई हामीले चुस्त दुरुस्त गर्ने गरि समितिहरुले सबैले त्यहाको माननीयहरुले को पनि हो जस्तो

लागेको छ मलाई किनभने सरकारको निर्णय गर्ने प्रदेश सभा सम्मानीत प्रदेश सभा होला जस्तो लाग्छ मलाई अरु निकाय पनि होलान तर त्यो मध्यको एउटा महत्वपुर्ण समिति अनुसार हाम्रो समिति पनि सरकार बनाउने कुरामा महत्वुपुर्ण कुरा हुनु प्रछ भन्ने लागेको छ र बिनियोजित बजेटमा मोटा मोटि यति कुरा राख्दै एउटा कुरा यो माननी सदस्यले बोल्नु भएको छ पुस मसान्त भन्दा यो कार्यान्यवनमा भयका र पुस मसान्तमा बिनियोजित गर्दा खेरि हामी के गर्छौ यसरि कार्यन्वयनमा जाने अर्को प्रकृया भयो तर त्यो टेन्डर हाल्दै यति लामो हुने भनेको त्यो कुरालाइ कसरि छोटो बनाउने हो भन्ने कुरा हो कहिले काहि ठुलो प्रोजेक्टहरु ठुलो आयोजनाहरु प्रकृयाम जादै साठिको साठि दिन ७५ दिन सम्म जान्छ भनेपछि अब यो ३ महिनामा सम्झौता गर्दा भनेको छ हामी कार्यान्विन गर्न नसक्ने त्यो खालको हामीले गर्न हुदैन भन्ने सुझाव राख्दै बिदा हुन्छु धन्यबाद ।

**माननीय भरत बहादुर खड्का**

माननीय सभामुख महोदय, समय दिनु भएकोमा हार्दिक धन्यबाद दिन चाहन्छु ।एउटा दुखद घटना बाट शुरु गर्न पनि अनुमति गर्न चाहान्छु । हिजो मात्रै गाउपालिका वडा नम्बर ४ मा साढे ५ बर्षको बालिका लाई खोलाले बगाको छ अहिले सम्म लाश भेट्न सकेको छैन त्यसैले म सरकारको पनि ध्याना कर्षण गर्न चाहन्छु यलाई अब तपाईहरु जानु पर्छ र अब जोउदो फेला पर्ने लगभग आधिकारिक रुपमा पुष्टि नभएको कारणले गर्दा अब सम्भावना हुन्छ र पिडित परिवारलाओ राहतको पनि व्यवस्था गर्न सरकारलाई अनुरोध गर्न चाहन्छु । र आज नेपाली कांग्रेस सु.प प्रदेश संसदले यो गरेको छ नेपालको कम्न्युष्टमा राजनीतिक परिवेश रहेको छ जुन असाधारण परिवेशमा रहेको छ यो गैराखेको अवस्थालाई गम्भिरताका साथ संसदले त्यसको समिक्षाको गर्न खोजेको छ र त्यहि परिवेशमा नेपाली कांग्रेसलाई नेपाली कांग्रेस प्रतिपक्षमा हुदा हुदै पनि यो देशको यो प्रजातान्त्रिक पार्टि र यो संविधानलाई जगेर्ना गरेर लोकतन्त्रलाइ कसरि मजबुत बनाउन साकिन्छ बन्ने कुरा भित्रको जवाफ देहिता सहित भित्रको चुनौतिलाई सु.प प्रदेशको कांग्रेसले गम्भिरताको साथ लिएर आफ्नो भुमिकालाई यहा व्यवस्थापन गर्न पर्ने चुनौतिका बाबजुत हामी यो भित्र लागिपरेका छौ र हम्रो राजनीतक सोध्नुस र हाम्रो जवाफ देहिता र राजनीतिक सहिष्णुतालाई कमजोर कमजोरिको रुपमा नलिन पनि म सम्बन्धीत पक्षलाई सभामुख महोदय मार्फत सुझाव दिन चाहन्छु । हामी छौ सत्ता हाम्रो कुरा होईन हामीले यो देशको संविधानलाई जगेर्ना गर्ने बिधि र नियमलाई प्राथमिकता दिने बनायर मात्र लोकतन्त्रको स्थापना हुन्छ भन्ने मान्यताका साथ आज धेरै थारुले गरेको कुरामा आफुलाई व्यवस्था गरेका छौ र सरकारले धेरै कुरामा सोचेरजान पर्ने छ र यो सरकार धेरै बेर चल्देन सरकारको ब्यक्तिहरु कस्ति होला तर सरकारको भुमिका को बारेमा मान्छेले गरिरहेका छन तपाईहरु बिगतको ३ बर्षको अनुभवलाई समिक्षा गरेर अगाडि बढ्नुस मेरो सुझाव छ यहा सम्म आज हामी आफ्नो निती प्रक्रियाको आधारमा सु.प प्रदेश सरकारको आर्थिक सम्बन्धि बनेको प्रस्तावलाई पारित गर्नको लागि बनेका बुदाहरु रहेका छन ६ वटा अनुशुचिहरु रहेका छन र मलाइ लागछ त्यहा पनि धेरै कुराहरु लेखेको छ र सिद्धान्त उद्देश्य र हाम्रो जुन प्राथमिकताको आधारमा जुन हामीले यहा भनेका थियौ यसमा लेख्ने शब्दहरु बडा राम्रा रहेका छन यसमा सबैको

आउन पर्ने थियो मेरो प्रतिपक्ष को मात्र होईन र अब हामी यो कार्यकालको अन्त तिर पनि पुगेको हुनाले सबैले सांसदहरुलाई न्योचित तरिकाबाट हुने गरि न्याय पाउने गरि जानु पर्छ भनेर हामीले सल्लाह दियका थियौ तर त्यसको ठिक उल्टामा भएको छ यो सदनमा अब मलआई के लाग्छ भन्दा खेरि कतिपय कुराहरु सच्याउन  पर्ने कुराहरु पनु देखिन्छन त्यहा बिभिन्न कुराहरु उठेका थिय म भन्दा अगाडि बोलेका माननीय सांसदहरुले अब कतिपय कुराहरु टाईप मिष्टेक र कतिपय अस्पष्टता को कारणले गाउँका ठाउका नाममा भएका अस्पष्टताले गर्दा बिगतमा पनि योजना कार्यान्यवनमा  सकेन त्यो पनि हामीलाई पिडा छ त्यसैले गर्दा खेरि हामीलाई यो बिनियोजित बिधेएकको बुदा नम्बर ३ भित्र यलाई समाबेश गरेर सहजिकरण गर्दा यो बेश हुन सक्छ बन्ने मेरो रहेको छ यले सहजिकरण गर्न सक्छ जब कि सामन्य कुरा खोज्नाका लागि त्यो ठुलो बनाको त छैन त्यो स्थानमा खालि बाताबरण आउन सक्छ त्यो लेखेको छ अस्पष्टता रहेको छ त्योलाई सहजिकरण गर्नको लागि बुदामा घटबड नगरेर त्यो बुदा भित्र हामीले योलाई व्यवस्थापन गर्न पर्छ भन्न हामी म सरकारलाई सुझाव दिन चाहन्छु । एउटा कुरा मैले बुझ्न सकेन सायद बजेटको कमीले होला बुदा नम्बर ११ मा यो करको दर घटाउने र त्यो भयर सरकारले योलाई हटाउने कुरा रहेको छ प्रदेस कानुन ,मा जेसुकै कुरा लेखेको भय पनि प्रदेश सरकारले यो एन र कानुन जुन लगाईयका कर बस्तु शुल्क र करको दर बढाउनेर भन्ने कुरा यहा शुल्क र कर आंशिक वा पुर्ण रुपमा छुट दिन सकिने छ भनेर राखेको छ प्रकाशन गर्न पर्ने यो अलि भाषा मिलेन यो अलि प्रदेशको कानुन भन्ने पर्नेमा अलिकति प्रदेश सरकारले जे भनेको भय पनि त्यो लेख्न नमिलेको हो भण्ने कुरा मात्र हो र यस्ता कुराहरु छोड्न पर्छ र यस्ता कैयौ कुराहरुमा सभआमुख महोदय मारफत अहिले पनि म बिनम्रताका साथ सुझाव दिन चाहन्छू । भने प्रदेशका बिधेएक हरु बिग्रेका छन म बारम्बार भन्ने गरेको छु राम्रो काम बिधेएक हो यसको जग बसाल्दा राम्रा बिज्ञहरुलाई राखैर गर्नुस हामी बिज्ञ हैन त्यसैले अहिले पनि मेरो सुझाव रहेको छ अब सुधारे होला जस्तो त लाग्दैन । सरकार नआत्तोस सरकारको सबै हाम्रो पुजिभनेको  बजेटमा हाम्रो भुमिका के हो भण्ने कुरा ठुलो कुरा हो नाम होला तर त्यसैले म आग्रह गर्न चाहान्छु अबह जहासम्म मलाइ केलागछ भन्दा खेरि  करका दरहरु निर्धारिण गरने कर लगाउने कर नलागयर राज्यको ढुकुटि बलियो हुदैण र जनतालाई सुविधा दिन सकिनन्न कर लगाउन पनि सेवा सुबिधा हो तर हाम्रो यहा के भयो भने कर लगाउने तर सेवा सुबिधा नदिने हामी करमा छौ तर सेवा सुबिधा काग्ने कता कता जोडेकोजस्तो छ त्यसैले कर तिर्न पर्च भण्ने धारणा को बिकास हुन्छ अलिकति बिकसित कन्ट्रिमा बिशेस गरि कर तिर्न गौरव ठान्छन त्यो राम्रो यो हो अनि सरकार पनि जनतालाई म्याक्सिमम सेवा सुबिधा दिन पर्च भण्ने खालको हुन्छ सरकारको धारणा हुन्छ त्यसैले गर्दाखेरि यो सरकार र कर नागरिकका बिचको कति राम्रो सम्बन्ध रहेको च सरकार कर जम्मा गर्न सरकारले गर्छ अनि नागरिकलाई अनुशान रहेको छ र अर्को कुरा कर मात्र लाउने होईन कर तिर्न सक्ने क्षमताको पनि बिकास गराउने हो नागरिकलाई अब अहिले कस्तो छ समस्या भन्दा खेरि पर्यटकिय बर्ष त्यो चाहिने ठाउमा यो अहिलेको मुल्यांकन गर्ने हो भने करोडौ को हुन्च त्यो अहिले म त्यसैले अब कर तिर्दा खेरि बार्षिक रुपमा मैले त्यो घर बेच्न पर्ने हुन्छ यो

संवेदनशिलतालाई पनि हामीले मध्यनजर राख्न प्रछ जस्तो लाग्छ कर यकात्मक ब्यवस्थाबाट होईन पोहिला त जनताको आर्थिक पक्षलाई सुधार गरेर जनता त्यो बाट सुलभ राज्यमा कर तिर्न पर्छ राज्यले यस्तो कार्यक्रम ल्याको छ हाम्रो आर्थिक स्थीति सुधार भएको छ भन्ने खालको भन्ने वातावरणमा जान पर्छ तर यो सबै प्रदेश सरकारले गर्न सक्दैन यो आधार शिला खडा गर्न पर्छ किनभने सबै यो प्रदेश सरकारबाट आधार शिला गर्ने तयार गरौ भन्ने मलाई लाग्छ अर्को कुरा म अब धेरै समय लिन चाहदैन योजना आयोगको बरेमा म केहि कुरा राख्न चाहन्छु योजना आयोग बनाईयो गठन भएको छ योजना आयोग देखाउनको लागि भयो योजना आयोगलाई बालफास नगरौ कमसेकम त्यो योजनाहरुलाई अत्यावश्यक गर्न योजना आयोगलाई आवश्यकता अनुसार जनशक्ति र बजेट बिझ राखेर पञ्चबर्षे सु.प प्रदेशको बिकासमा अहिले यहाको सम्भावनलाई हेरेर यहाको सम्भावनालाई हेरेर यहाको जनशक्तिलाई हेरेर यहाका मान्छेको सिपलाई हेरेर कस्तो खालको पलान बनउदा अल्पकालिन दिर्घकालिन योजना हरु एउटा तरिकाले जान्छन होला अब यो रातो कितावमा हामी यो हेर्ने हो भने रहि रहन्छन र सबै माननीयहरु रहेका छन र के कति उहाको के कति सहयोग छ त भन्दा खेरि यो कुनै बजेट होईन यो वास्तवमा यसबाट सु.प बासिको लागि कुने उपलब्धि नगरेरर यले बिकृति ल्याउन सक्छ त्यसैले त्यो गर्ने जुन गरेको छ त्यो नीति गत भयको छ त्यसो भएको हुनाले यो मन्त्रालयको आर्थिक सहयोग पाको जस्तो फलानालाई यति ढिस्कानालाई यति अलि भयो यो पहिला एउटा कुरा के बुझ्न पर्यो भने यो ऐन हो कानुन हो यसमा हामीले प्रोग्राम लेख्ने हो त्यस पछि नियमावली र कार्यबिधि बनाउने हो त्यसैले मेरोअझ पनि आग्रह रहेको छ सभामुख महोदय मार्फत यस्तो बिकृति ल्याउदै छौ हामी पछिल्लो पुस्ताले यहि कुरा सिक्छ त्यसैले हामी हिले सिक्छौ नजानेको कुरा कसैवाट सिकौ नजानेको कुरा गर्दा खेरिके हुन्छ भन्दा खेरि त्योलेधेरै ठुलो नोक्सान गर्छ मैले कसैवाट सिकेर केहि राम्रो कुरा गर्छु बने त्यो राम्रो हुन्च फलानाले राम्रो गर्या छ भन्ने नै हुन्छ त्यसैले गर्द मेरो अझे पनि आग्रह रहेको छ राम्रो काम ग्रयो भने अझै पनि टिक्नुहोला सत्तामा आउनु होला अहिले राम्रो नराम्रो जनताले नेपालमा एउटा कुरा साचो के रहेको छ भने जनता पनि साचो छ अहिले बोल्दैन हाम्रा तिन पुस्ताका सबै क्रियाकलाप हेरेर बसेको छ त्यो सबै गर्छ त्यसैले जनता यहा लाटो चैन यहा सबै भन्दा बाठो जनता छ तर यो बोल्दैन कि काम आफ्नो जनतालाइ हामीले त्यति बाईपाश गर्न खोज्ने हैन जनता त्यति सहि हामी माननीय मन्त्रीले हामी जति बाठो कोहि छैन भनेको छ तर हाम्रा हामी भन्दा धेरै सचेतक र धेरै बुझेका मान्छेहरु छन त्यसैले यो कुराहरु जाउ र अब यो योजना आयोगलाई देखाउन नबानायर आप्नो बजेट जुन बनाको छ उले सन्तुलन ल्याउन पर्छ पञ्चबर्षिय योजनाहरुलाई गर्नु पर्छ त्यलाई शंस्थाको जिम्मेवारीलाई हामी अगाडि बढआउन पर्छ त्यसैले त्यो किसिमको केन्द्रमा पनि त्यहि खालको र यहा पनि त्यहि खालको ल्याउने हो भने यो योजना आयोग को केहि काम छैन त्यसैलेयोलाई पनि जवाप दियकोमा र अन्तत यो सचिवलयमा पनि अर्थ मन्त्री ज्युको भाषणमा बडा राम्रो कुरा आको थियो उहाले क्षमा छु भनेकामा यहाका यि सुरक्षा क्रमी कर्मचारीलाई चैतको ४० डिग्रिमा काम गरिरहेका छनखाजा देखि लियर भत्ता सम्म हामीले यसमा व्यवस्था गर्न सकेका छैनौ अब यसमा कसरि व्यवस्था गर्ने यो कोले गर्ने अब यो बजेट

बिनियोजन भएको छ यि निजामती कर्मचारी जस्तोयो संवैधानिक हो स्वात्त रहेको छ यो सचिवालय सरकारको होईन यो कदापी नसम्झिनु होला सरकारले नै यसको मर्यादा राखेन भने यो शाखानै होईन नि यसको छुट्टै अस्तित्व रहेको छ यो स्वतन्त्र रहेको छ स्वायत्त रहेको छ यसको मर्यादा सरकारले राखेन भने अरुले राख्छ यो सबभन्दा संसदले राखेन भने अरुले राख्छ यो हाम्रो भुमि हो यो मन्दिर भित्र यसमा हाम्रो हुने कुरा हो र त्यसैले यो संवेदनशिलता अनि यो समितिहरु रहेका छन आज त्यहा एउटा सभापति गयर एउटा ढोका खोलेछन समितिका अब हाम्रो कार्यकाल सकिदै छ कति ठुलो पिडा त्यो पनि व्यस्था हुन सक्दैन त्यहा पनि १-२ जना कर्मचारी राख्न सकिदैन हामी धेरै सभामुख महोदय मारफत तपाईहरुलाइकेहि कुरा राख्न चाहन्छु सभामुख का समितिलाई गर्ने हो भने किनभने त्यो पिडा थाहा हुन्छ एउटा मा लाष्टमासमय पनि लिउ यो दरबारमा प्राकृतिक कुरा सबैलाई चाहेको हो नि त हजारौ नौकर चाकर हुन्छन त्यो कसको पिडा महारानी ले प्राकृतिक त्यो पिडा उले हजारौ हजार जसको साऊन भयपनि त्यो प्राकृतिक सर्बश्व कुरा रहेको थियो त्यसैले हामी यो लाई त्यो पुरुष मान्छेलाई थाहा छैन त्यो परवाशको पिडा कति संवेदनशिल कति पिडा होला त्यो पिडा महारानीले भोग्न पर्ने हो फरक कि श्रिमतिले पनि त्यो पिडा हुन्छ त्यसैले हामीले बुझौ त्यसको भएको  हुनाले मैले अगि भने नेपाली कंग्रेस कुनै सत्ता पक्षा र प्रतिपक्ष हुदैन प्राबिधिक कारणले सरकारले राम्रो सम्बन्ध गर्न पर्छ बित्तिय प्रणाली यो सदनको पुजि हो यहा सत्ता पक्षा र पर्तिपक्ष हुन हुदैन र जुन कुरा यो अर्थ बिधेएक र उदेश्य रहेको जुन आको च त्यो तिर बजेट केन्द्रि भएको छैन दुखका साथ भन्न पर्छ अजै पनि केहि सुधार गर्न पर्ने कुरा हुर रहेका छन अझ पनि हाम्रो त्यो रहेको छ गलत ढंगले म भन्न चाहदैन प्रक्रियात्मक ढंगले जुन माननीयहरुका सुझाव हरु रहेका छन हामीले सुझावमा आयका छन त्यलाई प्रकृयात्मक ढंगले र नियम पुर्बक ढंगले त्यो गर्न योलाई सुधार गर्न  म सभामुखमहोदय मार्फत यो सुझाव दिन चाहान्छु धन्यबाद ।

**माननीय सदस्यहरू,**

आर्थिक वर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) सँग सम्बन्धित "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" र "आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" माथि छलफल गर्न निर्धारण गरिएको समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

सामाजिक विकास मन्त्रालयबाट विशेष समय माग भई आएकोले सामाजिक विकास मन्त्री माननीय लाल बहादुर खड्कालाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १९९ को उपनियम (१) बमोजिम विशेष समय प्रदान गर्दछु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारको आको बजेटमा सामाजिक बिकास 079/2078 ब. मन्त्रालयकागरिमामय  सदनका सांसदका केहि जिज्ञासाहरु केहि स्पष्ट पार्ने पर्ने बिषयहरु यो प्रदेशमा यो समयमाग गरेको हो म समयको लागि माननीय सभामुख महोदयलाई बिशेस धन्यबाद दिन चाहन्छु

गरिमाय सदनमा छलफलमा बौदिक क्षेत्रका माननीयहरुले बजेटका कमिकमजोरिका बिषयमा पठाउनु भएको छ उहाहरुले पनि बुझेका होला कि सरकार गठन पछि बजेट निर्माणको समय अत्यन्त छोटो रहेको थियो त्यो छोटो समयको बिगतको बजेट को केहि समिक्षा गर्न पर्ने र सामाजिक बिकास मन्त्रालय अन्तरगत धेरै बिषयहरु समावेश भयकोले पनि हामीले धेरै यक्सर साईज गर्न सकेनौ हामीले यो माननीय हामीले बजेटलाई त्यति व्यवस्थित ढंगले हामीले कार्यन्वयन गरेको कुरा पनियहाहरुले बुझ्नु भएको छ हाम्रो मन्त्रालय सँग केहि जिज्ञास र केहि प्रश्नहरुमात्र रहेको छ क्रमागतको हिसाबमा हामीले बिगतमा चलिरहेका योजनाहरुलाई यो एउटा आधार भै सकेपछि अलि फरक ढंगले लैजान पर्छ भन्ने भयोर अगाडि बढायौ त्यो भएको हुनाले बिगतको योजना को संख्यामा यसमा कम गरेका छौ र बिगतको तुलनामा त्यसको बजेटको आकार पनि कम र दोस्रो कोरोनाको जुननखालको भयाभह रहेको थियो त्यसलाई ध्यानामा राखेर हामीले स्वास्थ्य क्षेत्रलाई ध्यानमा राखेर बजेट पेश गर्दा धेरै बिगतमा चलिरहेका योजनाहरुलाई हामीले समेट्न सकेनौ र खास गरि बन्ने हो भने सामाजिक बिकास कोबजेट अनुसार स्वास्थ्य क्षेत्रमा केन्द्रित रहेको छ हामीले यो २ वटा कुरालाई प्राथमिकता राखेका छौ र तेस्रो चरणको लहर आउने कुरा अहिले बैज्ञानिकहरुले छलफल गरिरहेका छन आधिकारिक रुपमा पुष्टि त गरेको छैन तर त्यो चेतमा आउन सक्छ त्यो बालबालिका केन्द्रित हुने भएको हुनाले केहि गर्न पर्छ भनेर अहिले संसार भरि नै त्यो खालको तयारी भै राखेको छ र हामीले सुप प्रदेश सरकारले पनि . र उन्ननती गर्ने रपहिलो कुरा सरकारको स्तशुरुवात गर्ने कुरालाई प्राथमिकतामा राखेका छौ र दोस्रो कुरा कोरानालाई रोकथाम गर्न त्योलाइ न्यनिकरण गर्न त्योलाई नियन्त्रण गर्नको लगि केहि योजना हामीले अगा डि बढाका छौ कि त्यसले खासगरि कन हाम्रोसुप प्रदेशमा भारतको असर बढि रहेको छ . ला सिमाना हरु रहेका छन र भारत को आवाज जावत देखि लियर हाम्रो बढि रहेको छ त्यसैले हाम्रा खु सिमा नाकाहरुलाई ब्यवस्था ग्रन पर्छ भनेर हामीले यो अगाडि वढाका छौ र त्यो कामलाई पनि हामीले थालनि गरिसकेका छौ र अहिले पनि हेर्ने हो भने गौरिफन्टा नाका बाट जहिले पनि १३सयको १४-सय छ भने ८-७ वज जावत भै रहेको छ तर केहि फरक छ भने भारत बाट नेपाल आउनेको संख्याआ त्यो बेला पछिल्लो बेला झण्डै १को हाराहरी थियो ३०० हजार पनि थियो भारत जानेको संख्या २- तर अहिले त्यो ठ्याक्कै उल्टोभएको छ बारतबाट नेपाल फर्कनेको संख्या ३०० को हाराहारीमा रहेको छ र जानेको सख्या झण्डै ८०० को हाराहारिमा रहेको छ त्यसैले योसबै ४ वटा सिमा नाकाहरु त्रिनगर नाका गड्डाचौकिनाका र बैतडिकको दार्चुला नाका यो सबैलाई ब्यवस्था गर्न कोलागि हामीले गरेका छौ र त्यो सुरक्षा लाई व्यवस्थित गरेका छौ र आउने र जाने मान्छेले सामाजिक दुरि कायम गर्ने वास्तवमा स्वासथ्य परिक्षण गर्ने र त्यसको नतिजा नआउदा सम्म त्यको हामीले होल्डिङ सेन्टर बनाउदै छौ र २ वटा ठुला होल्डिङ सेन्टरहरु नेपाली सेनाले कैलालीमा र कञ्चनपुरमा १हजार को होल्डिङ १- डि बढेको छ र त्यो मा सेन्टर बनाईरहेको छ त्यसको कामहरु अगाडि बढेको छ र त्यसको काम अगा हामीले गेटाम रहेको मेडिकल हस्पिटल लाइ बिगतमा हामीले कोरोना हस्पिटल पनि चलाउन खोज्यौ त्यो तर अहिले अब त्योलाई हामी आयस्रोत सम्म गर्ने भन्ने त्योअस्पतालको रुपमा आईशोलेशनको

रुपमा व्यवस्था गर्ने भनेर हामीले छलफल गरेका छौ र त्यो खालको छलफल अगाडि बढेको छ मान्छे आइ सकेपछि त्योलाई स्वास्थ्य परिक्षण पछि गैसकेको अवस्थामा त खाना को व्यवस्था समेतरहेकोछ छैन खाना खाईसकेपछि जान सक्ने स्रोत साधन भएको मान्छे तुरुन्तेजान्छ यदि साधन स्रोत भयन जान नसक्ने अवस्थाबयो भने त्योलाई जो नजिकरहेको छ त्योलाई हामीहोल्डिङ सेन्टरमा पुर्याउछौ र गेटाको मेडिकलमा पुर्याउछौ र त्यो भैसक्यो भने हामीले यहाका ३ वटा हस्पिटल सेति महाकालि र टिकापुर हस्पिटललाइ बालबालिकाको हितमाराखेर थप्ने तयारीमा हामी काम शुरु गरिसकेका छौ र हामी त्यो अनुसार ५० जति भेन्टिलेटर र आईशोलेण को व्यवस्था गर्ने भनेर त्यो काम को लागि अगाडि बढिरहेको छ र महाकाली र टिकापुरमा महाकालीमा त्यो र टिकापुरमाहुने भएको मेसिन किन भने अहिले यहा सेतिमा मात्र रहेछ अब त्यहा कसरि सामान्य डाईलोशिस गर्नेपनि गाह्रो रहेछ त्यो भएको कारणले हामीले त्यो २ वटा हस्पिटललाई व्यवस्थित गर्दै छौ र महेन्द्रनगरमा आईशोलेसनको लागि १०० क्षमताको हामीले एउटा कलेजलाई लियर त्यहा पनि एउटा आईशोलेनको कुरा रहेको छ हामी त्यहा गरिरहेका छौ र पहाडका सबै जिल्लाहरुमा १०सम्म कोरोना२०-लाई ध्यानामा राखेरर बालबालिकालाई ध्यानमा राखेर त्यो कालको अगाडि बढाका छौ पहाडमा रहेका भेन्टेलेटर र आईशियु हरु कुनै ठाउमा सञ्चालन भयका छैनन् त्यो भएको हुनाले हामीले भय सम्म त्यहा डक्टरको ब्यवस्था गर्ने र त्यहा भएको जनशक्तिलाई व्यवस्थित तालिम दियर त्योलाई सञ्चलन गर्ने किसिमबाट हामीले त्यो खालको योजना अगाडि बढाका छौ यसो भएको हुनाले स्वास्थ्यको क्षेत्रमा अस्पतालको नीजिको अलिकति बजेट गको हो कि भन्ने पनि माननीय हरुको प्रश्न रहेको छ म माननीहरुलाइ प्रष्ट पार्न चहन्छु कि त्यो नियमित बजेट भन्दा छुट्टै कोरोना नियन्त्रण र रोकथाम भनेर हामीले सबै अस्पतालहरुमा सबै स्वास्थ्य कार्यालयमा अर्को पैसा राखेका छौ र त्यो पैसा यहा त्यहाको सिडियो सँग एउटा समिति हुन्छ र हाम्रो प्रदेश सभाका माननीयहरुको समस्या रसुझाव र त्यहा के सम्सया आईपर्छ त्यो अनुसारको सबै माननीयहरुको सहभागितालाई सुनुश्चित गरेर हामीले त्यो एउटा गर्न त्यहा सबै केन्द्रमा र सबै अस्पतलामा रआखेका छौ मलाई लाग्छ कम्तिमा ५० लाखमा ६०-भयको सम्म सबै केन्द्रमा र हाम्रो सबै कार्यालयमा हामीलेव्यवस्था गरेका छौ र हामीले बिगतमा देखेका थियौ पिसिआरको ठुलो समस्या आयो त्यो बेला पैसा जुटाउन अलि गाह्रो भयो र यसपाली हाम्रो अक्सिजन ग्यासको समस्या आयो र त्यो सबै पर्कृया पुर्यायर माथि बट तल गर्दा अलि कतिसमय लाग्ने हो त्यसैले सबै बसे छलफल गरेर निर्णय गर्न अलिकति हाम्रो के हो भने कहिले काहि हाम्रो कर्मचारीहरुले पहिले नै खर्च गरिसक्ने र महामारी आयो भने फेरि पैसाको समस्या हुन सक्छ तो भएको कारणले योलाई मन्त्रालयको स्विकृति लिन पर्ने एउटा थपेर ल्याका छौ र पछिल्लो चौमासिक सम्म पनि त्यो खालको ठुलो महामारी आयन भने त्यो भयन भने पछि सम्म रहने गरि हाम्रो निर्देशिका बनका छौ र हामीले खासगरि कन कोभिडको खोप खरिदको लागि भनेर अलि ठुलो पैसा त्यसमा पनि राखेका छौ र अहिले छलफल गर्दा WHO को मापदण्ड अनुसार संघिय सरकार बाहेक प्रदेससरकार हरुले त्यहा प्रत्यक्ष खोप किन्न पाउने प्रावधान रहको छ त्यो अनुसार केहि दिन हामीले सातै प्रदेशमा सामाजिक मन्त्री र संघिय सरकारका स्वास्थ्य

मन्त्रीको जे भूमिका रहेको थियो हामीलेछलफल गर्यौं र त्यसमा हामीले यदि केन्द्रसँग पनि ठुलो संख्यामा खोप उपलव्ध गराउनमा यदि त्यो बजेटमा नै समस्या हो भने हामीसँग यो खालको व्यवस्था समेत रहेको छ भनेर उहासँग स्पस्ट राखेका थियो र उहाले रकमको समस्याले होईन यो संसार भरि खोपको ठुलो माग रहेको छ यले गरिरहेको छ म केहि दिन भित्र तपाईहरुलाई दिन्छुर हाम्रो लक्ष्य भनेको यो असोज सम्म जनतालाइ खोप ४०दिने गरि संघिय सरकार अगाडि बढेको छ भनेर उहाले % भन्नु भयो र हामीले के कुरालाई ध्यान राखेर अहिले हामी अस्पतालको समग्र सधारलाई प्राथमिकतामा त् राखेर अगाडि बढ्न गै रहेका छौ मैले यो कुरा जानकारी गराय । रयो सँगै हामीले यो पालि अलिकति स्वास्थ्यलाई फरक ढंगले लैजान खोजेका छौ हामीले प्रदेश सभाका निर्वाचित क्षेत्रलाई आधार मानेर त्यहाका स्थानीयतहका अस्पतालहरु जुन संघिय सरकारको नीति अनुसार पनि १०बेडका १५- अस्पतालको टेंडर गरेर काम अगाडि बढि सकेको छ र त्यहाका स्थानीय तहसँग समन्यव गरेर सबै स्थानीय तहसँग समन्वय गरेर सबैको पाएक पर्ने ठाउमा २५ बेडको अस्पताल बनाउनका लागि स्थनीय तहसँग साझेदारी गरेर हामीले त्यो योजनालाई अगाडि बढाका छौ र हामीले त्यो मा हामी यो पाली शुरु गर्ने गरेर अगाडि बढ्छौ र त्यो मा हामीले भनेको त्यो स्वास्थ्य कर्मीको संख्यालाई बुझ्नपर्ने भन्दा पनि भयका स्वास्थ्य केन्द्रहरु प्राथमिक स्वास्थ्य केन्द्र नगर हरु स्वास्थ्य लगायत सार्बजनिक अस्पताललाई पनि साझेदारी मा तिनिहरुको स्तर उन्नति भन्दा तिनिहरुको गुणस्तर उन्नती गर्ने गरि स्थानीय तहको साझेदारिमा अगाडि बढाउने कुरालाई हामीले अगाडि बढाका छौ र यो कोरोना को विषयमा पनि अघिल्लो पाली हामी रहेका थियौ तर यो पाली संघिय सरकार प्रदेश सरकार र स्थानीय तहले त्यो मेसो नै नपाको जस्तो स्थिति हामीले देखेका थियौ अहिले यो क्षेत्रका सँग छलफल गर्दा पनि त्यो अभाव रहेको छ भन्ने खालको उहाहरुले हामीलाइ सुझाव दिनु भएको छ यसै गरेर हामीले यसपाली यो होम आईसोलेशनले गर्दा पनि समुदायमा कोरोना बढि फेलियको भन्नेकुरा समुदायमा रहेको छ चर्चामा रहेको छ छलफलमा रहेको छ त्यो भएको ले पनि हामीले यो होम आईशोलेसन भन्दा पनि स्थानीय तहको साझेदारिमा वडामा आईशोलेसन तयार गर्ने र बाहिर भारतबाट आयका नागरिकलाई जो हामीले चेक चाज गर्यौं सिमानामा जो हाम्रो सम्पर्कमा आय तिनिहरुलाई पनि स्थानीय तहको साझेदारीमा समहतिमा स्थानमा पुर्याउने अलिकता गर्ने कि भन्ने हामीले छलफल चलाका छौ हामीले अलिकति सामाजिक बिकास तर्फत्यो सु प का स्वास्थ्य क्षेत्रका सबै सँग.एउटा छुट्टै खालको सुझाव आईसकेपछि यसको व्यवस्थापन गर्ने कुरालाई पनि हामीले ध्यान देका छौ त्यो भएको कारणले बिगतका केहि कार्यक्रमलाई यो पालि अलिकति रोकेर कोरोनालाई ध्यानमा राखेर स्वास्थ्य संस्थाको अवस्थालाई ध्यनराम्रो सँग गुणस्तरिय बनाउनसकिन्छ बन्ने यसपालिको बजेटमा छ म यो कुरा जानकारी गराउन चाहन्छु त्यो भएको कारणले धेरै कार्यक्रमहरु समावेश गर्न नसकेको म अनुरोध गर्न चाहन्छू मैले अगि पनि भने हामीसँग यसपाली गत बर्षको तुलानामा हाम्रो स्रोत पनि कम थियो समय पनि कम थियो र हामी नया दुबै जना मन्त्री १४ गते मात्र सरकारमा समावेश भका त्यो हुनले त्यहा भित्र काम र बिगतका लाई हामीले हेर्न सकेको अवस्था पनि थियन । त्यसै माथि हामीले त्यो हतारमा बजेट बनाउदै गर्दा हामीले

बिद्यालयलाइ पनि अलि फरक ढंगले जान पर्छ कि भन्ने कुरामा छलफल गर्यौं र यो बर्ष पुन गत बर्ष पनिबच्चा हुर बिद्यार्थिहरु स्कुल पढ्न सकेनन अब फागुन चैत देखि नै कोरोना शुरु भयगपछि त बन्द भयो र यो पाली पनि त्यहिनैच भयो अलिकति बढि प्राथमिकतामा राख्ने कि भनेर हामीले छलफल गरेका थियौ र सुधार भनेर १० लाख रुपिया त्यहा योजना र सगभर त्यसैलाई दिनेर त्यो भएको कारणले हामीले स्कुल र आईशलेशन भनेर तोकेनौ माग हनुसार केहि बिद्यालय भवनलाई राख्यो र बढि आईसिटि क्लास हरु बढि हामी प्राथमिकताका साथ अहिले धेरै सुप प्रदेशमा रहेका छन त्यो अनुसार . वटा भवनको २ हामीले व्यवस्थापन गर्ने गरेर हामी अगाडि बढ्न खोजिरहेका छौ र त्यो सँगै त्यहा अलिकता चर्चा पनिभएको छ मेले कता कता छुटेको रहेछ भनेर हेर्दा खेरि ८ कोठे भनव गत आब . मा अर्थ मन्त्रालयले बजेटकोसुनिश्चितता गरेर अछाम जिल्लाको सामाजिक बिकास कार्यालयमा पहिला निकाल्नको लागि भनेको छ र १ करोष ५६ लाखको ८ कोठे भवन त्यो ऐश्वर्य माबि जलघट मा अर्थ मन्त्रालयले सोझै त्यहा सामाजिक मन्त्रालयलाई दियर टेन्डर निकालेको थियो त्यसको टेन्डर गरेरअब सम्झौताको चरणमा रहेको छ झनै ८६ लाखमा त्यसको ४६ लाख सबै भण्दा न्यनतम रकमको टेन्डरे रहेको छ त्यसको योजना अगाडि बढाको छ त्यो गत बर्षको योजना अब त्यो मन्त्रालयले सहमती गरेर हामीलाई पनि जानकारी गराउन चाहान्छु । यसै हामी बजेटको प्रकृयामा हामी जोडिदा सम्मबैशाखमा बजेट सबै मन्त्रालयमा गैसकेको र मन्त्रालयले आफ्ना तलका जिल्लाका कार्यालयहरु र सबै लाई बजेटको स्टेमेट पठाईसकेको छ हामी जब यो १७गते को छलपल मा सहभागि भयका थियौ त्यो १८/ बेला सम्म धेरै अगाडि पुगिसकेको थियो । पछि हामीले अर्थ मन्त्रालय मार्फत त्यहाको सचिव मार्फत हामी त भर्खरै आयो हामीले धेरै कुरा हेर्न नै पाको छैन त्यसैले यो सयम दिन पर्छच भनेर हामीले अनुरोध गर्यो र त्यो पछि हामी छलफल मा नै थियौ २१ गते बजेट लक भैसक्यो अब हामीले त्यो बजेट हेर्न मात्र पाउने र त्यो बजेट करेक्सन तलमाथि गर्न नपाउने अनि हामीले हेर्दै रफमा टिप्दै घटाउने बढाउने जे जे हो त्यो गर्दा खेरि मिलान को क्रममा सायद प्राबिधिक कारणले होला त्यो एउटा ४ कोठे भवन परेको रहेछ नभय हाम्रो सबै जिल्ला बाट आका थिय स्वास्थ्यको भवन पनि माग भएको थियो । सहरि स्वास्थ्य पनि माग भयर आकोथियो हामीले चालु खर्चलाइ यथावत राख्ने तर अलिकति कागजत मिलाउ र निकास बजेट जो पुजिगत खर्च हो त्योलाई एकठाउमा ल्यायर त्योउ पछि २ कोठे भवन र १० लाखको आईशियु सहित २ वटा मात्र सुझाव र एउटा केन्द्रमा २वटा मात्र शिर्षकलाई अगाडि बढाको हो र त्यो मलाई लागेको छ कि प्राबिधिक कारणले होला हामीले अगि भनेका थियौ हामी यस्ता कुरा बजेट केहि पनिगर्न सक्दैनौ हेर्न मात्र सक्छौ भनेरकापिमा रफमा टिप्ने क्रममा त्यो अत्यन्त महत्वपुर्ण बजेटहरु पनि छुटेका छन प्राविधिक कारणले छुट्न गका छन मैले माननीय मुख्यमन्त्रि र माननीय अर्थ मन्त्रीलाई जानकारी गरिसकेको छु यो क्षेत्रमा हामीले हाउस बनाउने कुरामा त्यो टिपेर राखेका थियौ र त्यो पछाडि युवा खेलकुद परिषद युवा परिषद हामीले छलफल गरेर स्थानीय तहका ३ वटै सँघका प्रदेश स्तरका कार्यालय सँग पनि हामीले समन्वयन गर्ने गरि कन केहि योजनाहरु गरेका छौ मलाई लाग्छ पत्रकार महासँग लाई पोनि समन्यन गर्ने गरि हामीले बजेटको व्यवस्था गरेका

छौ त्यो सबै प्राबिधिक कारणले हामीले चुकेको अवस्थारहेको छ त्यो भएको हुनाले स्वाभाविक रुपममा महिलाको क्षेत्र खेलकुदको क्षेत्रमा हामीले यो खालको व्यवस्था गरेका थियो त्यो नभएकोअवस्था रहेको छ र यो जानकारी पनि गराउन चाहन्छु । यो सँगे हामीले यो बजेटको परिचालन मा स्थानीय तहसँग धेरै कुरामा साझेदारी गरेर जाने किनभने प्रदेश सरकार समन्यवन सँग जाने आफ्नो खालको छैन र स्थानीय तहको अपन्त्व गर्ने हो भने हाम्रा कार्यक्रमहरु हाम्रा बिकासका योजनाहरु व्यवस्थित हुन नसक्ने भएको कारणले यसकोबजेटलाइ हामीले स्थानीय तह सँग समन्यवन र साझेदारिमाजाने गरेर हामीले अगाडि बढका छम र यसपाली हामीले खास गरिकन स्वास्थ्यको क्षेत्रमा सहयोग गर्ने दातृनिकायसँग एउटा समन्वय बानाई रहेका छौ हामी उहाहरु सँग पनि छलफल गरिरहेका चौ कि यो उहारुले आफुले जे देख्यो त्यो अनुसारको सामजिक हस्तन्तरण गर्ने यहा मन्त्रालयलाई वा स्वास्थ्यका अन्य कामलाई हस्तान्तरण गर्ने भन्ने खालको जुन खालको रहेको छ त्यो भन्दा अब भ फरक ढंगले हामी कसरि योजना बनाउछौ त्यो योजनाको कुन पार्टमा उहाहरु के हुने भन्ने कुरा त्यो ढंगले हामीले त्यो कुरालाई अगाडि बढाका छौ र त्यो सँगै हामीले यसपाली क्याम्पसलाई भौतिक सुधारमा केहि रकम राखेका छौ तर अहिले बिनियोजन गरेका छैनौ । पब्लिक क्याम्पसको समिति रहेको छ सु प को त्यो समिति सँगै. हामी बसेर छलफल गरेका छौ त्योसको समस्या के हो भन्दा खेरि उहाहरुले के भण्नु भयो भने हामीले क्याम्पस बनायौ क्याम्पसमा भौतिक संरचना रहेको च त्यहा पढाउने जनशक्ति हामी सँग रहेको छ तर पनि हामी सँग आयस्रोत को कमीकोकारणले हामीले त्योलाई ब्यवस्था गर्न सकेका छैनौ हामी अहिले पनि घाटामा चलिराखेका छौ भन्नु भयो त्यो भएकोकारणले हामीले उहासँग के राख्यौ भने त्यो हुदा हामी अहिले पुजिगत अनुदान भनेर सबै क्याम्पसलाई बरु जति सकिन्छ हामी रकम दिन्छौ भनेर त्यो खालको व्यवस्था हामीले गरेका छौ र त्यो पछाडि अहिले एउटा समस्या क्याम्पसको उच्च शिक्षाप्रदेश सरकारले हेर्न पर्ने क्याम्पसको भौतिक व्यवस्थापन प्रदेश सरकारले गर्न पर्ने तर क्याम्पस कुनै त्रिभुबन सँग रहेको छ कुनै पोखरा सँग रहेको छ र कुनै अरु अरु बिश्व बिद्यालयसँग सम्बन्धन प्राप्त छन अनि त्यो शिक्षाको व्यवस्थालाई कसरि व्यस्थापन गर्न सक्छौ त हामी त्यो भएको कारणले अब एउटा कार्यक्रम बनायर कहि कहि नजिक पर्ने क्याम्पसलाई समकक्ष मा त्यहिको मञ्चमा लैजाने र तिनिहरुको क्षेत्र पनि अलिकति त्यो क्षेत्र पनि छैन भने त्यो उहाहरुको बिचमा छलफल चलायर उहाहरुकै सल्लाह र सुझावमा मर्जमा लैजाने अलिकति क्याम्पसको संख्या घटाउन सकिन्छ कि बन्ने एउटा बिषय मा हामीले प्रबलताका साथ राखेका छौ र अरु सुप ले सिक्षाको गुस्तरलाई उच्च शिक्षाको गु.णस्तरलाई सुधार गर्ने हो भने आप्नो बिश्व बिद्यालय नभय सम्म त्यो सम्भव नै छैन त्यो भएको हुनाले आफ्नो बिश्व बिद्यालय बनायर त्यो क्याम्पससँग जोड्न सक्ने हो भने मात्र हामीले चाहे अनुसारको पाठ्यक्रम बनाउन सक्ने त्यो खालको शिक्षा सँगै बढाउन सकिने हुन्छ र त्यो कुरालाई प्रदेश सरकारले अगाडि बढाको छ र त्यो सँगै हामी यदिमर्जमा बस्दा पनि कुनै एउटा फ्याकल्टि गर्ने हो भने अर्को क्याम्पसले अर्को पढाउनका लागि पनि अनुरोध गर्छु र त्यो सँगै हामीले त्यो गर्ने हो भने हामी अहिले त गको छैन हाम्रो अध्ययन र अनुभवमा धेरै क्याम्पस शँग धेरै कुराहरु शिक्षकको पैसा लगायत का कुराहरु तिर्न बाकि नै रहेको

रहेछ त्यो क्याम्पसमा शिक्षकको संख्या धेरै रहेको छ बिद्यार्थिको संख्या कम रहेको छ र शिक्षकले निकाल्न पनि सकिरहेका छैनन किनभने उसको ५ लाख रुपिया तिर्न बाकि नै रहेको छ ६- भय पनि या सेवा दिदा पनि उसको पैसा तिर्न पर्ने भो त्यो समस्याको मर्जमा आयो भने प्रदेश सरकारले त्यो समस्या हल गरेर यले व्यस्थापन गर्न पर्छ बन्ने कुरा हामीले यो बजेटमा समावेश गर्न खोजेका छौ र यो सँगै हामीले प्राविधिक र व्यवसायिक शिक्षामा पनि हामीले अहिले ठुलो संख्यामा प्राविधिक र व्यवसायिक शिक्षा पढ्ने र बेरोजगार हुने मान्छेको संख्या बढिरहेको छ प्राबिधिक र व्यवसिएक शिक्षालाई पनि यहाका आवश्यकता अनुसार सुप को आवश्यकता अनुसार कसरि गर्न सकिन्छ भन्ने हाम्रो छलफल . भैरहेको थियो र त्यशै बेला स्विस सरकारको व्यवसायिक शिक्षामा काम गर्ने चासो देखायो र उहाहरु सँग हाम्रो छलफल भैरहेको छ र हामी त्यो प्राविधिक शिक्षालाइ व्यवस्था गरेर पहिला यहाको आवश्कता के हो यहि स्वरोजगार गरेर हामी यहि काम गर्ने खालको प्राबिधिक शिक्षलाई अगाडि बढाउने र गुणस्तरिय ढंगले गर्ने गरि हामी अगाडि बढेका छौ र त्यो कुराको पनि जानकारी गराउन चाहान्छु । र यो सँगै म सबै माननीयहरुसबैले बुझ्नु भएको छ होला किनभने सामाजिक बिकासमन्त्रालय सँग धेरै खालका कार्य क्षेत्र र पर्याप्त समय नभएकोकारणले यहाहरुले देरै जिज्ञासा राख्नु भएको छ महत्वपुर्ण सुझाव पनि आका छन धेरै क्षेत्र हामीले समेट्न सकेको छैन र ति सुझावलआई पनि कसरि समाबेश गर्न सकिन्छ त्यो बिषयमा पनि हामी गम्भिर नै रहेका छौ र त्यो कुराहरु र यहाहरुका भावनालाई समेट्दै कोरोनाको महामारी छ यो लाई कुरा रहेको छ हामी सबै त्यसमा केन्द्रित नभयर कुनै एउटा सरकारले त्यो योजनाको लागि रोकथाम गर्छु नियन्त्रण गर्छु व्यवस्थापन गर्छु भन्नु त्यो पुर्णता होईन त्यो भएको हनाले यो बिचमा हामी २ महिनाको समय हामी सँग रहेको छ त्यो समयलाई हामीले हाम्रो समयलाइ जनचेतनाको समयमा हुन पर्छ भनेर त्यो खालको योजना बनाई रहेका छौ र यो योजनामा हाम्रो प्रदेश सरकारको र यसकामाननीय हरुको मह्तवपुर्ण भुमिका रहने छ उहाहरुको रहने छ र जहा जहा हाम्रा काम गराईमा कमजोरि देखिने छ त्यो बेलामा तपाईहरले सुझाव दिन सक्नु हुने छ र हामी सच्यायरत्यो लाई व्यवस्था गरेर हामी अगाडि जाने छौ भन्ने कुरा रहेको छ यहाहरु सबै राजनितिक पार्टिहरु यहाका सबै अन्य संस्थाहरु र सबै जनप्रतिनिधीहरुलाई यो २महिना हामी सँग जो बाकि रहेको छ त्योसको लगि हामीले जनचेतना र ३- तिनवटा कुरामा हामी ले प्रयास गरेका छौएउटा माक्स लगाउने र अर्को सामाजिक दुरि कायम गर्ने र ब्यक्तिगत सरसफाइ यो पहिले दैखे नै चलेको कुरा हुन र एउटा अझ व्यक्तिगत रुपमा लाने कुरा रहेको छ मैले संघिय सरकार सवग छलफल गर्दा खोप उपलब्ध गराउने भन्ने हाम्रो रहेको छर अलिकति हाम्रो पनि स्पष्ट हुन पर्ने के रहेछ भने खोपको सवालमा वा खोपको सवालमा वा कोरोना महामारीको सवालमा एउटा बनाउने एउटा मापदण्ड बनाईसकेपछि त्यो अनुसारको अनुसरण ग्रने त्यो अनुसारको निर्देशिका कार्ययोजना हाम्रो केन्द्रिय सरकारले गर्ने र त्यो लाई अरु प्रदेश सरकारले सँघिय सरकारले त्यो गरेको छ भन्ने त्यसले सहयोग गर्ने भन्ने कुरा र खोपको समयमा माग भयको छ र यसको धेरै कम भयोभन्ने खालका ब्यापक छलफल हुन सकेको छैन हामी पनि सुनिरहेका छौ त्यो भैरहेको छैन हामी पनि त्यो

बिषयमा संघिय सरकारले नि खोप लगाउने भन्ने र संघिय सरकारले ल्याउछ र हाम्रो सँघिय सरकारको अनुसार हुन्च र त्यो पछि कहा कहिले कसरि ल्याउनेबन्ने कुरा संघिय सरकारले प्रमुख जिल्ला अधिकारिले त्यो योगदान गर्चन र त्यो लाई सहजिकरण गर्ने कुरा त्योलाई व्यवस्थापन गर्ने कुरा हाम्रो हुन्छ त्यसैले मैले खोपको कुरामा यो लगाउने कुरामा  यसको व्यवस्थाको कुरामा  खोप कुन समुदायलाई कुन क्षेत्रलाइ बितरण गर्ने सम्बन्धममा पनि हाम्रो भुमिका सँघिय सरकारले नैकाम गर्छहामी त्यसलाइ समन्यवन गर्ने खोज्ने र त्यो कामलाई मलाई लाग्छ यो प्राथमिकता अनुसार गर्ने म मेरो समय दिनु बयकोमा सभामुख ज्यु र हाम्रो मन्त्रालय सम्बन्धि हाम्रो मन्त्रालयको क्षेत्राधिकार सम्बन्धिकुरा उठायर छलफल को लागि समयदिनु भयो  त्यसको लागि सबै माननीय मा हार्दिक धन्यबाद बयक्त गर्दै आफ्ना भनाई यहि टुंग्याउछु धन्यबाद ।

**माननीय सदस्यहरू,**

भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्रालयबाट विशेष समय माग भई आएकोले भूमि व्यवस्थाकृषि  , तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम 199 को उपनियम  बमोजिम (1)विशेष समय प्रदान गर्दछु ।

माननीय सभामुख महोदय, सर्ब प्रथम त म तपाईहरुको प्रशुराम नगरपालिकाको हुने बिकास निर्माण कार्य क्षेत्रमा कार्यरत कर्मचारी अस्मिता धामी बहिनि प्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र शोकाकुल परिवारमा गहिरो समवेदना ब्यक्त गर्न चाहन्छु योलाई कारबाहि गर्नको लागि छिटो भन्दा छिटो कानुनि प्रकृयमा लानको लागि सरकार रातदिन लागिरहेको पनि जानकारी गराउन चाहन्छु र राहतको पनि  भै रहेको छ माननीय सभामुख महोदय आअ को बजेट 079/2078 ब.धिवेशनको उसमा मैले सहकारी मन्त्रालयमा सम्बन्धित किताव महत्वपुरेणहरुको सवाल तथा भएकोछयसको अनुमति चाहन्छु । भन्ने नाराका साथ सम्पन्न गरेको त्यो कृषि तथा सामाजिक बिकास मन्त्रालय ले गरेको ११६ नमुनागाउमा कृषि तथा पशुपंक्षि बालिका पशुको अनुसन्धनका लागि कार्यक्रम आको छ यलाई अझ प्रभावकारी बनाउनको लागि बनाउन परियोजना कला भएको छ यसको लागि छुट्टै परियोजना कार्यान्वयन ईकाईका साथ मैले खासमा बालि तथा बस्तुको उत्पादक्त बृदि गर्नको लागि हामीलेआज मार्फत निरन्तरता दिनको लागि बजेटको व्यवस्था गरेको छ यसै गरेर कैलाली जिल्लाका ५ वटा स्थानीय तहमा बिभीन्न घास उत्पादनको लागि  बजेट गरेको छ नेपाल सरकार कृषि तथा पशुपंक्षि बिकास मन्त्रालयले बिकास परियोजना माहामीले त्यो सहकार्य भयर अघिल्लो आब मा यो प्रदेशमा कार्य .
 सहकार्यमा सञ्चालनभएको यो कार्यक्रमलाई सँघिय सरकारले योलाई आफ्नै योजनामा गर्न खोजेको यो कुरामा म गरिमामय सदनमा जानकारी गरताउन चाहन्छू माननीय सभामुख महोदय यस कार्यक्रमबाट मसिनो चामल आयतमा कम हुन सक्ने र यसको लागि सरकारले हरेक बर्ष तोक्ने धानको न्यनतम मुल्यको कार्यन्वयनमा बलियो आधार नै यो भएको कारणले यसको बनायर कैलाली जिल्लाको २ वटा धान मिल सँग समन्वय भयर टिकापुर र जोशिपुरको समन्वय भयेर भेसकेको र कार्याविधी अनुसार यो कार्यक्रम मा सहभाहि हुन चाहने किसानकोलि सुचना समेत प्रकासन भै सकेको छ यसको प्रभावकारिता

हेरि अगामि आमा स बमा अन्य जिल्ला.मेत बिस्तार गर्ने गरि मन्त्रालयले तयारिगरेको कुरा यो गरिमामय सदनमा राख्न चाहन्छु माननीय सभामुख महोदय, यसबाट भैसिको अनुमानित फर्म टिकाइरको निर्माण सम्बन्धि ऊठान भयका प्रश्नमा थप स्पष्ट पारन चाहान्छु चालु आप बिश्व बिद्यालय .ब मा नै सु. य सँगकृषि बिज्ञान संकाबिभिन्न कृषिको अनुसन्दान र सहकार्यगर्ने जसता गर्न गरि भुमि ब्यवस्था तथा सहकारी मन्त्रालय सँग भयको छ उन्नत भैसको लागि आनुसंगिको लागि अघिल्लो बर्ष देखिनै सरकारले जग्गा प्राप्तिको लागि सरकारले बिभीन्न स्थानीय सरकार र सरोकार वाला सँग छलफल गरि प्रकृया अगाडि बढको छ जग्गा प्रापत् हुन सकेन तत्पश्चात सु प बिश्व बिद्यालय टिकापुर बहुमुखि.क्याम्पसको मातहतमा रहेको जग्गामा फर्म निर्माण हुने भन्ने सम्झौता अनुसार फर्मको बोर्ड पत्र आहवान भै निर्माण कार्य योजना भएको र यो योजनालाई क्रमागत कार्यक्रमको रुपमा राखेको छ भैसि पालन कार्य गर्ने कृषकले कष्ठगरेर बर्षौं बर्ष दैखि भारतबाट आयत गर्न पर्ने बाध्यतालाफई निराकरण गर्न सुप मा हुने . भैसीको सरकारी स्तरमा नै देकिने स्रोत बनायर सञ्चालनमा रहेका दुग्ध उत्पादन र उत्पादक्तवको उत्स्रोतको रुपमा यो फर्म रहने छ कृषि क्षेत्रको कुल ग्रास्थपादनमा हुने योगदान र धानको खेतिमा भैसिको ठुलो योगदा रहेको च दुधर माशु दुबैमा उच्च माग भयको र उन्नत भैसको स्रोतलाइ आवश्यकता रहेको कुरा यो प्रदेशमा छ र यो गरिमामय सदनमा पुन म राख्न चाहन्छु । सभामूख महोदय सिचाई कुलो तथा बिबिन्न सवालमा केन्द्रित हुन चाहन्छु पहाडि भेगको लागि साना सिचाई अरु निर्माण हुने र तराईमा न भएको ठाउमा कुलो बनाउने छ र पहाडको त छरियको बस्तिमा छरिकै खेति बालिहरु रहेका छन तराई बासिमा त योजना नमुना ट्युबेल मारफत सिचाई बैरहेको सबैमा अवगत नै रहेको छ खेतियोग्य जमिनमा कुलो र पानी नहुदा बर्षौं दैखि उर्बरा भुमिहरु बाँजो रहेका छन राम्रो रहने र हुने कुल गर्न साना सिचाई लाई समादानकोउपाय हो; । भनेप्राबिधीक प्रतिवेदनले देखियो र साना सिचाई तथा बिगत ३ बर्ष यता धेरै बाजो जग्गामा खेति शुरु भएको छ त्यशैले साना कुलोको पहाडमा बिशैस तरकारी खेति अन्न बाली खेतिको हुन सक्नेभई केति पुरा हुन थालेको छ साना किसानको माग पुरा भएको छ तसर्थ यो कार्यक्रमले किसानलाई राहत बको छ जग्गा खेति योग्य भयको कुरा म अनुरोध ग्रन चाहन्छु । मननीय सभामुख महोदय भुमि व्यवस्था तथा सहकारी मन्त्रालयमा संस्थान रअन्य निकाय सँग प्राबिधिक साझेदारी गरेर नविनतम कार्यक्कम हुर प्रस्ताव गरेको छ त्यसको लागि नेपाली कृषि अननुसन्धान र परिषद नेपाल र अन्य अन्तराष्ट्रिय बिकास सँगको साझेदारी गरेको कार्य सम्झौताहरु यसको उदाहरण हो र कृषिको व्यवसायिकरण उत्पादकत्व मा बृदि हुदै गको छ हावा पानि सुहाउदा बजेट र नमुना स्थान हरु छनोट भयका छन सिमान्तकृत र लक्षित बर्गको आयआर्जन बढेको छ कार्यबिधि र निर्देशिका बनायर पर्भावकारी कार्यन्वयन गरिने छ सभामुख महोदय बाली र यसको उत्पादनामा सु पले.फट्को मारेको छ केहि बिउबिजन कम्पनि र कृषि सहकारी संस्थाहरु कृषिको क्षेत्रमा जुटेका छन गुणस्तरिय बिउ उत्पादन गर्न लगायत ट्रेसिजङ लगायत भण्डारणमा ध्यान गयको छ र उत्पादित को सहज र गुणस्तर बाट माग र आवश्यकताका आधारमा व्यवसायिक कृसिमा संलग्न सहकारी संरचनाकोलागि मात्र भौतिक संरचना सुधार तथा भण्डारण को लागि बजेट बितरण गरेकोछ

यले सामाजिक को पनि समान गरेर कृषकलाइ सहकारीको माध्ययमबाट सहकारीको कृषि उत्पादन र बजारीकरणमा सहयोग पुर्याउने कुरा म यो सम्मानित सदनमा प्रस्तुत गर्छु । सभामुख महोदय कृषि क्षेत्रमा कार्यक्रममा जोड्न नसक्ने गरिम यसको ब्याज जोड्ने गरि र यसको लागि बिमाकोकुरा मा प्रिमियमा अनुदान र बस्तुको प्रतिफलमा आधारीत कार्यक्रमले किसानको अधिकतम उत्दापन मा टेवा पुर्याउने छ । माननी सभामुख महोदय अन्तिममा म यो हाम्रो कृषिमन्त्रालयमा उठेका बिषय बस्तुमा जो उठेको छ त्यसमा म स्पष्ट पारन प्रयास गरेको र फेरि पनि आवश्यकता पर्यो भने आवश्यकता अनुसार मन्त्रालयले जवाफ दिने छ र अन्तमा जो कृषि मन्त्रालय मा सुझाब महत्वपुर्ण आको छ अबको आबमा हुने कार्यक्रमहरु सबैमा कार्यान्वयन हुनेर त्यो जुनउद्देश्यले गको छ त्यसमा प्रभावकारी .

बनाउनमा सबैको जुन सबै माननीय हरुको सहयोगको अपेक्षा गरेको छ र सबैमाहामी मानीय ले एकदममै माननीय जुन प्रतिबन्धित रहेकोछ त्यो अनुसार हामी त्यो कार्यकर्म समयमा लागु गर्ने नै छौ र कार्यक्रमहरु बनाउने बेलामा कतिपय ठाउमा त्रुटि भयो होला केहि कारणले कार्यक्रमहरु जस्तो नमिलेको छ भने कार्यक्रम सुधार्न पर्ने छ या मानौ हामीले कैयौ कार्यक्रमहरु बनायर ल्याउन पर्ने छ भने हामी सबैमा कार्यक्रमलाई बनाउनका लागि प्रयास गर्ने छौ त्यो अनुसारको बनाउने छौ भन्दै बिदा हुन्छु र सबै सुझाव दिनु भएका माननीयहरुलाई धन्यबाद दिदै बिदा हुन्छु धन्यबाद ।

**माननीय सदस्यहरू,**

आजको बैठकको कारवाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७८ साल आषाढ १४ गते सोमबार बिहान ८:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।